नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः ९, फाल्गुण ३० गते, २०७९ साल

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

# भाग २

## बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७९

गाउँकार्यपालिका बाट स्वीकृत मितिः २०७९।११।२९

**प्रस्तावनाः** बहुवर्षीय आयोजनाहरुको ठेक्का ब्यवस्थापनलाई सरल, सहज र अनुमान योग्य बनाउन, बहुवर्षीय ठेक्का बन्दोवस्तमा निश्चित मापदण्ड तर्जुमा गरी विकास आयोजनाहरुको स्रोतको सुनिश्चितता, आयोजनाको लागततथा व्यवस्थापनमा वित्तीय अनुशासन कायम गरी निर्दिष्ट समायवधि भित्र आयोजना सम्पन्न गर्ने सम्वन्धमा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि नियमितगर्ने ऐन २०७४ को अधिकार प्रयोग गरी सिद्धलेक गाउँकार्यपालिकाले यो निर्देशिका जारी गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम **"बहुवर्षीय ठेक्काबन्दोवस्त सम्बन्धी निर्देशिका, २०७९"** रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो निर्देशिका सिद्धलेक गाउँपालिका भर लागू हुनेछ ।

**२. परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "बहुवर्षीय"आयोजना भन्नाले आयोजना सम्पन्न गर्न एकवर्ष भन्दा बढी समयावधि लाग्ने प्रकृतिका आयोजना सम्झनु पर्दछ ।

(ख) "खरिद ऐन"भन्नाले खरिद सम्बन्धी प्रचलित कानूनलाई सम्झनु पर्छ ।

(ग) "गाउँपालिका"भन्नाले सिद्धलेक गाउँपालिका सम्झनु पर्छ ।

**३. बहुवर्षीय ठेक्काबन्दोबस्तको लागि आधार तथा मापदण्ड** :देहाय बमोजिमका आधार पूरा भएको आयोजनालाई बहुवर्षीय ठेक्का बन्दोबस्तीमा लैजान प्रस्तावगर्न सक्नेछन् :

(१) विस्तृत आयोजना प्रतिवेदन तयार भएको,

(२) आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन, प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न भएको,

(३) बहुवर्षीय ठेक्का व्यवस्थापनका लागि जग्गा प्राप्तिको प्रक्रिया पूरा भएको,

(४) आयोजना राष्ट्रिय तथा पालिकाको महत्वको आयोजनाका रुपमा रहेको,

(५) स्रोत सुनिश्चितता भएको,

(६) आयोजनाको दायित्व फरफारक गर्न कम्तीमा एकबर्षभन्दा बढी समय लाग्ने अवस्था रहेको,

(७) संघ वा प्रदेश सरकारसँग लागत साझेदारीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र अनुपात अनुरुपल गानीको रकम समेत सुनिश्चित भएको,

(८) प्रत्येक वर्ष सञ्चालन हुने क्रियाकलाप र नतिजा झल्किने गरी खरिद गुरुयोजना स्वीकृत भएको,

(९) खरिद ऐन र नियमावलीको स्थापित मुल्यमान्यता पालना भएको ।

**४. बहुवर्षीय खरिद सम्झौता गर्न सकिने :**

(१) देहायका अवस्थामा बहुवर्षीय खरिदको सम्झौता गर्नुपर्ने भएम ागाउँपालिकाले औचित्य सहित कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(क) वार्षिक खरिद सम्झौता गरी खरिद गर्नु भन्दा बहुवर्षीय सम्झौता गरी खरिद गर्दा गाउँपालिकालाई लाभ हुने भएमा,

(ख) खरिद सम्झौताको अवधिमा खरिदको परिमाण सारभूत रुपमा थपघट नहुने भएमा,

(ग) खरिद सम्झौता अवधिभर खरिद गरिने मालसामानको डिजाइन परिर्वतन नहुने भएमा र

(घ) मालसामान आपूर्ति सँग सम्बन्धित प्राविधिक जोखिम बढी नहुने भएमा ।

(२) उपदफा (१) बमोजिम बहुवर्षीय खरिद सम्झौता गर्न आवश्यक देखेमा स्वीकृतिका लागि कार्यपालिकामा पठाउनु पर्नेछ ।

**५. क्षेत्रगत आधार समेत तयार गर्न सकिने :** आयोजनाहरु कार्यप्रकृति र विषयका आधारमा फरक फरक हुने भएकाले पालिकाले आफ्नो क्षेत्रमा सञ्चालनहुने आयोजना, कार्यक्रमहरुको क्षेत्रगत (विशेषीकृत) मापदण्ड बनाउन सक्नेछन् । तर त्यसलाई अन्तिमरुप दिनुअघि कार्यपालिकाबाट निर्णय गराउनु पर्नेछ ।

**६. सहमतिलिनुपर्ने :**

(१) दफा ३ बमोजिमआधार तथा मापदण्ड पूरा भएका आयोजनाहरुलाई बहुवर्षीय ठेक्कामा लाने प्रयोजनका लागि गाउँसभा**ले** स्वीकृत गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमबहुवर्षीय ठेक्का सहमतिकालागिगाउँ सभामापेश गर्दा दफा ३ मा उल्लिखित विवरणको प्रतिलिपि तथा कार्यपालिकाको निर्णयसमेत साथै राखी पेश गर्नुपर्नेछ ।

**७. सहमति दिनसक्ने :**

(१) दफा (४) बमोजिम बहुवर्षीय आयोजना ठेक्का बन्दोवस्तीका लागि कार्यपालिका बाट सिफारिस भई आएका आयोजनाहरुलाई गाउँपालिकाको आर्थिक नीति, स्रोत साधनको अवस्था समेत बिचार गरी गाउँसभाले सहमति दिन सक्नेछ।
(२) गाउँसभाले गाउँपालिकाको सञ्चितकोषमा जम्मा भएको रकमलाई आधार मानि बहुवर्षीय ठेक्का स्वीकृत भएका आयोजनालाई आंशिक वा पूर्ण रुपमा बजेट रोक्का वा नियन्त्रण गर्न सक्नेछ।

**८. निर्देशिका लागू हुने :** यो निर्देशिका लागू हुनु भन्द ।पहिले शूरु भएका आयोजनाहरुमा समेत लागू हुनेछ।

**९. विशेष व्यवस्था :**

(१) कार्यपालिकाले बहुवर्षीय आयोजना ठेक्का सहमतिकालागि कार्य प्रारम्भ गरी निर्णयका लागि गाउँसभाम ।सिफारिस गर्नुपर्नेछ।
(२) गाउँपालिकाको लागि प्राप्त बजेट सिलिङ्ग मध्ये बहुवर्षीय ठेक्का स्वीकृत भएका र कार्यन्वयनमा रहेका आयोजनाका लागि बजेट व्यवस्थापन गरी बाँकी रकम नयाँ आयोजनामा प्रस्ताव गर्नु पर्नेछ।

सिद्धलेक गाउँपालिका